संघीय संसद
राष्ट्रिय सभा
राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १५५
मिति २०७९/१२/०२
समयः बिहान ११: ३० बजे
प्रारम्भः बिहान ११: ४० बजे
अन्त्यः दिनको २ : ०० बजे

छलफल तथा निर्णय :-

राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०७९/१०/२०, मिति २०७९/११/१६मा स्वास्थ्य क्षेत्रको सुधारका सम्बन्धमा सरोकारवाला निकाय, पक्ष, विज्ञसँग भएको छलफल र आज मिति २०७९/१२/०२ गते बसेको बैठकमा स्वास्थ्य क्षेत्रको समग्र सुधारका विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव एवं पदाधिकारीसंग छलफल पश्चात स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो।

१. जनस्वास्थ्यः आम नागरिकलाई प्रदान गरिने स्वास्थ्य सेवा प्रणालीमा व्यापक सुधार गरी नागरिकलाई निरोगी बनाउन एक परिस्कृत राष्ट्रिय नीति निर्माण गरि लागु गर्नुपर्ने देखिन्छ। सर्वपक्षीय सहमती सहितको नीति निर्माण गरि लागु गर्दा स्वास्थ्य सेवा दिगो र भरपर्दो हुने र आम नागरिकको पहुँचमा अभिवृद्धि हुने भएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई विशेष ध्यान दिन निर्देशन दिने ।

२.उपचारात्मक सेवाः हृदय रोग, क्यान्सर, मधुमेह, स्ट्रोक र मृगौला लगायतका नसर्ने रोगवाट अधिक मानिसहरुको मृत्यु हुने गरेकाले, यस विशिष्टीकृत सेवामा सरकारले थप लगानी गर्नु पर्न, रोग निदानका लागि चाहिने आधुनिक उपकरण, ल्याव र विशिष्टीकृत सेवालाई चाहिने जनशक्तिको व्यवस्था मिलाउन विशेष कार्य योजना निर्माण गर्न, विरामीहरूको चाप र जनशक्तिको सन्तुलन मिलाउन र आवश्यक पर्दा नयाँ केन्द्र वा अस्पतालहरु (रिफरल) खोल्न आवश्यक पहल गर्न, आयुर्वेद, प्राकृतिक चिकित्सा आदि वैकल्पिक चिकित्साको अनुसन्धानमा राज्यको वजेट र कार्यक्रममा व्यापकता दिन, दीर्घरोग र डेंगु लगायतका सरुवा रोगका लागि थप आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने।

३. खोप सेवाः अनुसन्धानबाट प्रमाणित भएका र संसारको अन्य भागमा प्राप्त खोपलाई व्यवस्थित प्रणाली मार्फत आम नागरिकको पहुँच अभिवृद्धि गरी खोप उत्पादनको संभाव्यता यथाशिघ्र शुरू गर्न निर्देशन दिने।

४. सूर्तिजन्य पदार्थ, ड्रक्स र रक्सी जस्ता स्वास्थ्यमा प्रतिकुल असर पार्ने वस्तुको उत्पादन, बिक्री वितरणमा कडाईकासाथ नियम पालना गर्ने स्थिती बनाई यसबाट उठेको करलाई क्यान्सर उपचारमा लगाउने र जनचेतना अभिवृद्धि कार्यक्रम हरेक स्कूल, कलेज र समुदायमा लागू गर्न निर्देशन दिने।

५. स्वास्थ्य क्षेत्रको जनशक्तिलाई देशभित्र टिकाई राख्नको लागि रिक्त रहेका स्वास्थ्य सेवाको पदपुर्तिको लागि नियमित रूपमा लोक सेवा आयोगबाट माग गरि पदपुर्ति गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।

६. स्वास्थ्यकर्मिको अभाव, कमजोर स्वास्थ्य प्रणाली लाई सुधार गर्न जनस्वास्थ्यसँग सम्बन्धित कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरि खाद्य र स्वास्थ्य नीति तर्जुमा गर्न र कार्यान्वयनको अवस्थामा सुधार ल्याउन निर्देशन दिने ।

७. तीन तहका अस्पतालबिच समन्वय र सहकार्य गरी स्वास्थ्य सेवा प्रवाह गर्न निर्देशन दिने।

समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरि आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)

समिति सचिव

(मा.दिल कुमारी रावल थापा (पार्वती))

सभापति